# सिविन-नेपालको
# जनशक्ति व्यवस्थापन तथा रोजगार नीति

**१. प्रस्तावना :**

सिविन-नेपाल बालबालिकाका लागि बालबालिकाका साथमा काम गर्ने बालअधिकारमुखी संस्था भएको कुरालाई मनन गर्दै, राष्ट्रसंघीय बालअधिकार महासन्धि १९८९ को सिद्धान्त तथा भावनालाई आत्मसात गर्दै, सिविनको ध्येय, लक्ष्य, मूल्य, मान्यता तथा उद्देश्य अनुकुल हुनेगरी संस्थाको जनशक्ति व्यवस्थापन तथा रोजगारका लागि संस्थाले विभिन्न समयमा विकासगरी अवलम्बन गर्दै आएका नीति तथा आचार संहिताहरू लगायतलाई आधार मान्दै, यस **"सिविन-नेपालको जनशक्ति व्यवस्थापन तथा रोजगार नीति"** को तर्जुमा गरिएको छ ।

**२. परिभाषाः**

जनशक्ति भन्नाले सिविनद्वारा सञ्चालित कुनै पनि कार्यक्रमका लागि आवश्यकतानुसार नियुक्त कर्मचारी, स्वयम् सेवक तथा परामर्शदाता समेतलाई बुझाउने छ ।

**३. उद्देश्य**

सिविन-नेपालको जनशक्ति व्यवस्थापन तथा रोजगार नीतिका मुख्य उद्देश्यहरू निम्नानुसार रहेकाछन् :

३.१. सिविनको उद्देश्य परिपूर्तिकालागि सञ्चालित कार्यक्रमहरुमा आवश्यक जनशक्तिको परिपूर्ति गर्दा योग्यता, क्षमता, प्रतिबद्धता एवम् समावेशीकरणलाई मूल आधार मानी कसैलाई कुनै पनि प्रकारको भेदभाव तथा अपहेलना नहुने वातावरण सिर्जना गर्नु ।

३.२. सिविनमा काम गर्ने उपयुक्त वातावरण सिर्जना गरी सिविनसँग आबद्ध जनशक्तिको बालअधिकार संरक्षणार्थ क्षमता विकासको अवसर प्रदान गर्ने ।

३.३ सिविनमा आवद्ध जनशक्तिलाई सिविनको ध्येय, लक्ष्य, मूल्य, मान्यता तथा उद्देश्यप्रति प्रतिवद्ध एवम् अनुशासित, बालबालिका प्रति सम्वेदनशील तथा क्रियाशील बन्न सघाउ पुऱ्याउने ।

## ४. मान्यता र सिद्धान्त

सिविन-नेपालको जनशक्ति व्यवस्थापन तथा रोजगार नीतिका सिद्धान्त र मान्यताहरू निम्नानुसार रहेका छन् :

४.१. सिविनसँग आवद्ध हुने जनशक्तिलाई जाती, धर्म, लिंग, उमेर, रंग, भौगोलिक बासस्थान, भाषा, संस्कृति, भेषभूषा, सामाजिक आर्थिक हैसियत, अपांगता (फरक क्षमता), राजनैतिक आस्था आदिको आधारमा कहिं, कसैबाट पनि भेदभाव हुने छैन ।

४.२. सिविनसँग आवद्ध हुने जनशक्तिले संस्थासँग सम्बन्धित गतिविधिका अतिरिक्त आफ्नो व्यक्तिगत जीवनमा पनि बालअधिकारको संरक्षणका साथै मानव अधिकारको सम्मान र प्रवर्द्धनमा ध्यान दिने छन् र सदैब अधिकारमुखी अवधारणा राख्ने छन् ।

४.३ सिविनसँग आवद्ध जनशक्ति सदैव सिविनका ध्येय, मूल्य मान्यता प्रति प्रतिवद्धरही हरेक अवस्थामा संस्थाको हितका निम्ति क्रियाशील रहनेछन् ।

४.४ सिविनले जनशक्ति परिचालनका सन्दर्भमा सदैव लोकतान्त्रिक आचरण, सहभागितामूलक तथा भेदभाव रहित वातावरण कायम गर्नेछ ।

## ५. नीति

सिविन जनशक्ति व्यवस्थापन तथा रोजगारका क्षेत्रमा सिविनले निम्नानुसारका नीतिहरू अवलम्बन गर्ने छ ।

५.१. सिविनमा आवद्ध जनशक्तिलाई सम्बन्धित परियोजना तथा निजको सेवा अनुसार निजलाई तोकिएको सेवा, सुविधा तथा शर्त समेत उल्लेख भएको नियुक्ति पत्र वा करार पत्र प्रदान गरिने छ ।

५.२. नियुक्ति तथा करार पत्रका साथमा नीजले पूरा गर्नुपर्ने प्रमुख जिम्मेवारीको विवरण (Job Description) उपलब्ध गराइने छ ।

५.३.संस्थाको आवश्यकतानुरूप सम्लग्न जनशक्तिलाई कुनै पनि परियोजना कार्यक्रममा स्थानान्तरण गर्न सकिने छ ।

५.४. संस्थासँग आवद्ध जनशक्तिले संस्थाले निर्धारण गरेको उत्तरदायित्व, आचार संहिता तथा नीतिहरुको पूर्ण पालना गर्नु पर्नेछ र सो को उल्लंघन भएको पाइएमा कारवाही गरिने छ ।

५.५. संस्थासँग आवद्ध जनशक्तिलाई कारवाही गर्नु पर्ने अवस्था आइपरेमा कारवाहीको क्रममा नीजलाई आफ्नो भनाई राख्ने अवसर प्रदान गरिने छ ।

५.६. आवद्ध जनशक्तिलाई सामान्यतया नियुक्तिपत्र वा करार पत्रमा तोकिए अनुसार सेवा मुक्त गरिने छ तर विशेष परिस्थितिमा सो अगावै पनि संस्थाले नियमानुसार सेवा मुक्त गर्न सक्नेछ ।

५.७. सिविन भित्रको पदपूर्तिकालागि योग्यता पुगेका कर्मचारी, स्वयम सेवक वा अल्पकालिन परामर्श दातालाई प्राथमिकता दिइने छ । यस क्रममा कसैलाई कुनै पनि आधारमा भेदभाव नगरी शैक्षिक योग्यता, कार्य दक्षता, कार्यसम्पादन तथा प्रतिबद्धताका आधारमा सबैलाई समान अवसर प्रदान गरिने छ ।

५.८. संस्थामा आवद्ध जनशक्तिको क्षमता विकासका लागि नियमित रूपमा आवश्यकता पहिचान गरी अभिमुखीकरण, तालिम, भ्रमण आदिको आयोजना गरिने छ ।

५.९. संस्थासँग आवद्ध जनशक्तिको नियमित रूपमा अनुगमन तथा सहभागितात्मक कार्यसम्पादन मूल्याङ्कन गरिने छ ।

५.१०. संस्थासँग आवद्ध कर्मचारीहरूको प्रतिवद्धता, कार्यसम्पादन, कार्यावधी, चालचलन आदिको मूल्यांकनगरी उनीहरूको मनोवल उचो राखी राख्न समय समयमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिने छ ।

५.११ सिविनको जन शक्तिको आपूर्ति गर्दा योग्यता, क्षमता, प्रतिबद्धता र समावेशीकरणलाई मूल आधार मानिने छ भने असमावेशी समूहहरू -जस्तै जनजाति, दलित, आदिवासी, मधेशी, कर्णाली प्रदेश, फरक क्षमता भएका (अपाङ्गता भएका) महिला आदि) लाई प्राथमिकता दिइने छ ।

५.११. संस्थालाई आवश्यक जनशक्ति परिपूर्तिकालागि आवश्यकता तथा परियोजनाको स्वरुप अनुसार आन्तरिक वा खुला विज्ञापन गरि निश्चित मापदण्डहरूका आधारमा परिपूर्ति गरिने छ ।

## ६. व्यवहारिक आचार

६.१ सिविनसँग आवद्ध सम्पूर्ण जनशक्तिले सिविनको सम्पत्ति तथा उपलब्ध साधन स्रोतको उचित संरक्षण गर्नुपर्दछ र सो को दुरुपयोग गर्नु हुँदैन ।

६.२ सिविनसँग आवद्ध सम्पूर्ण जनशक्तिले एकअर्कामा आदरभाव कायमगरी सामुहिक रूपमा कार्य गर्ने वातावरण बनाउन सहयोग गर्नु पर्दछ । साथै कसैले कसैलाई पनि होच्याउने तथा आत्म सम्मानमा आँच आउनेगरी गालि गलौज गर्नु हुँदैन ।

६.३ सिविनसँग आवद्ध कुनै पनि जनशक्तिले भद्र र शालिन पहिरनमा कार्यक्षेत्रमा लाग्नु पर्दछ ।

६.४ सिविनसँग आवद्ध सम्पूर्ण जनशक्तिले आफ्नै वा अन्य कार्यकक्षमा जम्मा भई अनावस्यक रूपमा संस्थागत कामसँग असम्बन्धित कुराकानी तथा होहल्ला गर्नु हुँदैन ।

६.५ सिविनसँग आवद्ध सम्पूर्ण जनशक्तिले आफ्नो कार्यक्षेत्र र कार्यालय समयमा चुरोट, सूर्तिजन्य पदार्थ, मादक पदार्थ तथा लागू पदार्थ लगायतका कुनै पनि मनोसंदिपक पदार्थको सेवन गर्नु हुँदैन ।

## ७. नीति कार्यान्वयनका लागि चालिने कदमहरू

७.१ संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक तथा आवद्ध अन्य व्यक्तिहरूलाई “सिविन जनशक्ति व्यवस्थापन तथा रोजगार नीति” का बारेमा सुसुचित गराइने छ ।

७.२ सिविन-नेपालको जनशक्ति व्यवस्थापन तथा रोजगार नीतिका बारे सरोकारवाला सबैलाई जानकारी उपलब्ध गराईने छ र यो आफ्ना सबै कार्यक्षेत्रमा सहज उपलब्ध हुनेछ ।

७.३ जनशक्ति व्यवस्थापन तथा रोजगारसँग सम्बन्धित सम्पूर्ण कार्यहरु प्रशासन विभागको जिम्मेवारीमा पर्ने छ । तर यसक्रममा मातहतका कार्यका निम्ति सम्बन्धित विभागका उच्च प्रतिनिधि वा कार्यक्रम संयोजकलाई अनिवार्य रूपमा सम्लग्न गराइ छ ।

७.४ जनशक्ति व्यवस्थापन तथा रोजगारका निम्ति संस्थामा उपलब्ध आर्थिक प्रशासन नियमावलि लगायत अन्य नियम तथा विनियमहरू यस नीतिका अंगका रूपमा रहनेछन् ।

७.५ यस जनशक्ति व्यवस्थापन तथा रोजगार नीतिको सिविन-नेपालसँग आवद्ध जनशक्तिले उल्लघंन गरेमा सिविनको प्रचलित नियमानुसार कारवाही गरिनेछ ।